प्रति इकाई अंकित मूल्य रु.१०/- दरको १०,००,००,००० (दश करोड) इकाई मध्ये बीज पूँजी वापत १ प्रतिशत अर्थात १०,००,००० (दश लाख) इकाई योजना व्यवस्थापक एनआइएमबि एस क्यापिटल लिमिटेड (साविकको एनआईबिएल एस क्यापिटल लिमिटेड) तथा १४ प्रतिशत अर्थात १,४०,००,००० (एक करोड चालिस लाख) इकाई कोष प्रवर्द्धक नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (साविकको नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड) को लागि गरी कुल निष्काशन गरिने इकाईको जम्मा १५ प्रतिशत अर्थात (एक करोड पचास लाख) इकाई सुरक्षित राखि बाँकी न्यूनतम ८,५०,००,००० (आठ करोड पचास लाख) इकाई यस विवरण पुस्तिकाको शर्त अनुसार सार्वजनिक रुपमा बिक्रीका लागि खुल्ला गरिएको।

आवेदन दिनुपर्ने न्यूनतम इकाई संख्या	१०० (एक सय)
आवेदन दिन सकिने अधिकतम इकाई संख्या	१,००,००,००० (एक करोड सम्म)

धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड कोष प्रबर्द्धक रहेको तथा एनआइएमबि एस क्यापिटल लिमिटेड योजना व्यवस्थापक रहेको

NIBL MUTUAL FUND

एनआईबिएल म्युचुअल फण्ड अन्तर्गत सञ्चालन हुने

एनआईबिएल स्टेबल फण्ड (NIBL STABLE FUND)

आह्वान–पत्र

इकाई बिक्री खुल्ला हुने मिति	२०८०/१०/०२ गते
इकाई बिक्री बन्द हुने मिति (छिटोमा)	२०८०/१०/०५ गते (बैकिङ्ग समय पश्चात्)
इकाई बिक्री बन्द हुने मिति (ढिलोमा)	२०८०/१०/१६ गते (बैकिङ्ग समय पश्चात्)

(सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम जारी गरिएको)

आवेदनसाथ भूक्तानी गर्नुपर्ने रु. १०/- प्रति इकाईका दरले

यो विवरण पुस्तिका नभई केबल आह्वान-पत्र मात्र हो ।

नेपाल धितोपत्र बोर्डबाट विवरण पत्र स्वीकृत मिति : २०८०/०३/२२ गते (संशोधित विवरण पत्र स्वीकृत भएको मिति : २०८०/०८/२१ गते)

१. योजना सम्बन्धी संक्षिप्त जानकारी :

१.	योजनाको नाम	एनआईबिएल स्टेबल फण्ड (NIBL STABLE FUND)
२.	योजनाको आकार	रु. १,००,००,००,०००/- (एक अर्ब रुपैयाँ)
३.	योजनाको प्रकार	बन्दमुखी (Close-Ended)
४.	निष्काशन गर्न लागिएको इकाई संख्या	१०,००,००,००० (दश करोड)
५.	प्रति इकाई अंकित मूल्य	रु. १०/- (दश रुपैयाँ)
६.	कुल निष्काशन मध्ये न्यूनतम खरिद गर्न पाउने इकाई संख्या	१०० (एक सय) इकाई
७.	न्यूनतम बिक्री हुनुपर्ने इकाई संख्या	५,००,००,००० (पाँच करोड) न्यूनतम संख्या ५,००,००,००० (पाँच करोड) इकाई बिक्री नभएमा उक्त योजना खारेज गरी १५ दिनभित्र विवेकदारको रकम फिर्ता गर्ने भुक्तानी प्रक्रिया शुरु गरिनेछ।
८.	कुल निष्काशन मध्ये अधिकतम सकारिने इकाई संख्या	१२,५०,००,००० (बाह्र करोड पचास लाख) *{सामूहिक लगानी कोष निर्देशिका, २०६९ को परिच्छेद-४, दफा १५ को उपदफा ४ मा भएको व्यवस्था बमोजिम निष्काशन गरिएको इकाई संख्याको पच्चीस प्रतिशतसम्म थप गरी बौंडफाँड गर्न सकिने}*
९.	योजनाको अवधि	इकाई बौंडफाँड भएको मितिले १२ वर्ष
१०.	योजना परिपक्व हुने मिति	योजनाको इकाई बौंडफाँड भएको मितिले १२ वर्ष (उक्त अवधि पश्चात् योजनाको लगानीलाई नगदमा परिणत गरी इकाईधनीहरुलाई समानुपातिक हिसाबले प्रचलित कानुन बमोजिम वितरण गरिने)
११.	योजना बिक्री खुल्ला हुने मिति	२०८०/१०/०२ गते
१२.	योजना बिक्री बन्द हुने मिति (छिटोमा) योजना बिक्री बन्द हुने मिति (ढिलोमा)	२०८०/१०/०५ गते (बैंकिङ्ग समय पश्चात्) २०८०/१०/१६ गते (बैंकिङ्ग समय पश्चात्)
१३.	इकाई बिक्री केन्द्रहरु	नेपाल धितोपत्र बोर्डबाट धितोपत्रको दरखास्त संकलनको लागि अनुमति प्राप्त बैंक तथा वित्तीय संस्थाहरु (आस्वा सदस्य) का आस्वा सेवा प्रदान गर्ने सम्पूर्ण कार्यालयहरु
१४.	खरिद गर्नुपर्ने न्यूनतम इकाई संख्या	१०० (एक सय) इकाई
१५.	खरिद गर्न सकिने अधिकतम इकाई संख्या	१,००,००,००० (एक करोड) इकाई सम्म
१६.	इकाई बिक्री तथा बौंडफाँड सम्बन्धी व्यवस्था	इकाई बिक्रिका लागि आवेदन दिने कार्य समाप्त भए पश्चात धितोपत्र निष्काशन तथा बौंडफाँड निर्देशिका, २०७४ बमोजिम इकाईको बौंडफाँड गरिनेछ।
१७.	सूचिकरण तथा दोश्रो बजार कारोबार व्यवस्थाहरु	इकाईहरु नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकृत गरी कारोबारको व्यवस्था गरिने ।
१८.	योजनाको मुनाफा वितरणको लक्ष्य	योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ। खुद मुनाफाबाट मुनाफा वितरण कट्टा गरी बाँकी रहेको रकम सँचित मुनाफा (Retained Earning) पुनः लगानीका लागि उपयोग गरिनेछ।
१९.	इकाई खरिद गर्न सक्ने व्यक्ति तथा संस्थाहरु	नेपाली नागरिक, गैर आवासीय नेपाली, प्रचलित कानून बमोजिम दर्ता भएका नेपाली संस्था (कम्पनी), बैंक, वित्तीय संस्था, बीमा कम्पनी, कुने पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै संचयकोष, कल्याणकारी कोष, गुठी, अक्षयकोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् ।
२०.	योजना व्यवस्थापकको नाम तथा ठेगाना, स्थापित ऐन, दर्ता मिति, नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मिति	एनआइएमबि एस क्यापिटल लिमिटेड, वडा नं. २, लाजिम्पाट, काठमाण्डौ । कम्पनी ऐन तथा धितोपत्र सम्बन्धी ऐन अमोजिम स्थापना भएको कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मिति: २०६७/११/२५ दर्ता नं. १२८४/०६७/०८८ नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मिति: २०७०/०५/०७
२१.	योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना	एन अमाल्ल एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेन्ट्स, टोखा, काठमाडौं (बाह्य लेखापरीक्षक) (मिति २०७९/०७/१८ गते सम्पन्न साधारणसभाले आ.व. २०७९/०८० को लागि पुनः नियुक्त गरेको)
२२.	कोष सुपरिवेक्षकको नाम तथा ठेगाना	१) डा. बिमल प्रसाद कोईराला, आनन्द भैरवमार्ग, ज्ञानेश्वर, काठमाण्डौ २) डा. शम्भु राम सिम्खडा, वडा नं.३, बाँसबारी, काठमाण्डौ ३) डा. दुर्गेश मान सिंह, वडा नं.२६, ९/५४८ यटखा टोल, काठमाण्डौ ४) सि.ए. जितेन्द्र बहादुर राजभण्डारी, सतमार्ग १३, सानेपा, ललितपुर ५) श्री राजु नेपाल, सुर्यविनायक वडा नं. ५, भक्तपुर
२३.	रेटिङ्ग कम्पनी तथा योजनाको रेटिङ्ग संकेत	क्रेडिट रेटिङ्ग नियमावली, २०६८ ले सामूहिक लगानी कोष अन्तर्गत संचालन हुने योजनाको रेटिङ्ग गर्नुपर्ने व्यवस्था नगरेको तथा प्रस्तावित योजना संचालन स्वीकृतिको क्रममा योजनाको रेटिङ्ग गर्न आवश्यक पर्ने कार्य सम्पादन (कारोबार तथा लगानी, आय व्यय, सम्पत्ति तथा दायित्व इत्यादी) को अवस्था बुझ्ना मेलाको हिसाबले हाल योजनाको रेटिङ्ग गरिएको छैन ।
२४.	लगानीका क्षेत्रहरु	इकाइ नेपाल लिमिटेडले सन् २०२३, अक्टोबर २० मा कोष प्रवर्द्धक श्री नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (साविकको नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड) लाई "[ICRANP - IR] A@[1]" (Pronounced ICRA NP Issuer Rating A, on watch with Negative Implications) को प्रमाणपत्र प्रदान गरेको छ भने योजना व्यवस्थापक श्री एनआइएमबि एस क्यापिटल लिमिटेड (साविकको एनआईबिएल एस क्यापिटल लिमिटेड) लाई सन् २०२३, मई २२ मा "[ICRANP] AMC Quality 3+ (AMC3+)" (Pronounced As Assest Management Company Quality Three plus) को प्रमाणपत्र प्रदान गरेको छ ।
२५.	योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियुक्त डिपोजिटरीको नाम र ठेगाना	योजना व्यवस्थापक कम्पनी आफैले डिपोजिटरीको कार्य समेत गर्नेछ ।
२६.	खुद सम्पत्ती मूल्य गणना तथा सो को प्रकाशन सम्बन्धी व्यवस्था	सामूहिक लगानी कोष निर्देशिका, २०६९ ले व्यवस्था गरे बमोजिम वा नियमनकारी निकायले निर्देश गरे बमोजिम खुद सम्पत्ति मूल्य गणना गरिनेछ, जसलाई प्रचलित कानून बमोजिम सार्वजनिक गरिनेछ ।
२७.	एनआईबिएल स्टेबल फण्डको विशेषता	विद्यमान नियम तथा प्रचलित कानूनको अधिनमा रहि विभिन्न वित्तीय उपकरणहरु मध्ये स्थिर आय हुने लगानीका उपकरणमा बढी केन्द्रित भई लगानी गरिने र इकाईधनीहरुको लगानीसँग सम्बन्धित उच्च जोखिमलाई न्यूनीकरण गर्दै योजनाको अवधिभर निरन्तर समृद्धित प्रतिफल प्रदान गर्ने यस योजनाको प्रमुख उद्देश्य तथा विशेषता रहेको छ ।

२. कोष प्रवर्द्धक सम्बन्धी जानकारी :

कोष प्रवर्द्धकको नाम : नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (साविकको नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड) ।

कोष प्रवर्द्धकको संक्षिप्त ईतिहास: नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (साविकको नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड) तत्कालिन कम्पनी ऐन तथा तत्कालिन वाणिज्य बैंक ऐन अन्तर्गत २०४२ साल माघ ६ गते उद्योग तथा वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा दर्ता भएको हो। यस बैंकले तत्कालिन वाणिज्य बैंक ऐन, २०६३ अन्तर्गत वाणिज्य बैंकको रुपमा बैंकिङ्ग कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट मिति २०४२ साल माघ २२ गते ईजाजतपत्र प्राप्त गरी आफ्नो सेवा संचालन गर्दै आइरहेको र नेपाल भित्र वैदेशिक प्रविधि तथा लगानी सम्झौतामा निजी क्षेत्रबाट बैंक स्थापना गरी देशका विभिन्न ठाउँमा बैंकिङ्ग सेवा उपलब्ध गराउने अग्रिमयले यस बैंकको स्थापना भएको हो। सो मुताबिक यस बैंकले आफ्नो कार्य क्षेत्रलाई विस्तार गर्दै स्वदेश तथा विदेशका विभिन्न ठाउँमा बैंकिङ्ग सेवा पुऱ्याउँदै आएको छ। यस बैंकको संस्थापकहरु तथा संचालकहरु बैंकिङ्ग तथा वित्तीय क्षेत्र तथा व्यवस्थापनमा लामो समय देखि आवद्ध रहेको व्यक्तित्वहरु हुनुहुन्छ। नेपाल राष्ट्र बैंकको मर्जर सम्बन्धी नीति अनुरुप हालसम्ममा देहाय बमोजिम राष्ट्रिय स्तरको बैंकहरुसँग मर्जर भई एकिकृत कारोबार गर्दै आईरहेको छ :

क्र.सं.	नाम	मर्जरको अनुपात	एकिकृत कारोबार प्रारम्भ गरेको मिति
१	एस डेभलपमेण्ट बैंक लिमिटेड	१००:४१	२०७४ असार २९
२	जेविल्स् फाईनान्स लिमिटेड	१००:३३	२०७६ असार ३०
३	सिटी एक्सप्रेस फाईनान्स लिमिटेड	१००:२०	२०७७ माघ ११
४	मेगा बैंक लिमिटेड	१००:९०	२०७९ पोष २७

३. कोष प्रवर्द्धकका प्रमुख उद्देश्यहरु :

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित ऐनको अधिनमा रही वित्तीय कारोबार (बैंकिङ्ग व्यवसाय) गर्ने यस बैंकको मूख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

अ) बैंकका निक्षेपकर्ताको हक हितको संरक्षण र सम्वर्द्धन गर्दै वित्तीय सेवाबाट बञ्चित रहेका समुदायलाई प्राथमिकता दिई स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग सेवा उपलब्ध गराउने,

आ) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशिल व्यवसायको विकास, विस्तार र क्षमता एवं उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

इ) उपलब्ध शिप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादनमूलक, रोजगारीमूलक व्यवसायको स्थापना, संचालन, विकास, विस्तार एवं प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

ई) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

४. कोष प्रवंद्धकको विगत तीन वर्षको लेखापरिक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब विवरण, (सहायक कम्पनी भए समष्टिकृत रुपमा), तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (Earning Per Share) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण:

कोष प्रर्वद्धकको समष्टिकृत रुपमा विगत तीन आर्थिक वर्षको लेखापरिक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब विवरण तल तालिकामा प्रस्तुत गरिएको छ :

समष्टिकृत वासलात

विवरण	वास्तविक (रु. हजारमा)			अपरिष्कृत (रु. हजारमा)
	आ.व.७७६/७७	आ.व.७७७/७८	आ.व.७७८/७९	आ.व.७७९/७८०
सम्पत्ति				
नगद तथा नगद बराबर	७८४५,२०७	७९५६,१०६	११,२६७.०३७	१९,४६८.६०७
नेपाल राष्ट बैंकमा रहेको मौज्दात तथा लिनपर्ने	१४,३२१.९७१	७,४१७.२५४	५,६३७.२८२	२०,५५४.७८८
बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दात	७९६४.९९२	८,१३६.७८०	८,७७८.७०७	१५,८२४.१७०
व्युतपन्न वित्तीय उपकरण	१३३.९७७	३६.७४७	-	५५.४६३
अन्य व्यापारीक सम्पत्ति	८०.०३७	९२.०७६	७०.४८०	१९२.२७०
बैंक तथा वित्तीय संस्थाहरुलाई कर्जा	४,९२०.०६२	५,०१४.८५१	७,६५१.३४३	८,७४३.५४२
ग्राहकलाई ऋण तथा कर्जा	१३५,०८२.०१९	१५६,८१६.६७७	१५,७१५.७०९५	३०३,६५५.९५५
धितोपत्रमा लगानी	२६,८९१.५०८	३६,७८४.७८२	४५,३८५.७०४	६०,४०३.०४७
यस आ.व.को कर सम्पत्ति	७१५.२२६	५८९.८३४	४४३.४१८	१,५२९.१५८
सहायक कम्पनीमा लगानी	-	-	-	-
सबद्ध कम्पनीमा लगानी	१४३.६७१	२०७.६६५	२७४.४७८	३५९.२८२
सम्पत्तिमा लगानी	२६५.९८३	६०१.८४८	५७३.०१९	१,१६४.०७४
सम्पत्ति तथा उपकरण	४,०३०.१४८	४,१०६.७४२	४,५७१.४०८	७,४७२.५९६
साख र अमुर्त सम्पत्ति	१२६.१०६	११४.४३६	७७.२५६	१,१२४.१५४
स्थगन कर सम्पत्ति	-	-	-	-
अन्य सम्पत्ति	१,६६६.५१३	२,७१३.४३५	३,८०८.३६९	८,११९.५००
कुल सम्पत्ति	**२०४,१८७.४९८**	**२३०,६६९.२३३**	**२४५,७०३.८५३**	**४४८,६६८.२१६**
पूँजी तथा दायित्व				
बैंक तथा वित्तीय संस्थालाई दिनुपर्ने	२,४९२.२५७	४,८४०.२६५	१,९७३.९२०	५,८१०.४४७
नेपाल राष्ट बैंकलाई बक्यौता	२,७२३	३,५७५.६४७	६,४७०.८५५	३४४.७८०
व्युतपन्न वित्तीय उपकरण	-	-	५,२३९	-
ग्राहक निक्षेप	१६६,३३८.५५४	१७४,५२५.५९०	१८,४७७.७२४	३५३,७५९.५१९
सापटी	-	-	३,८२५.०००	११,८०३.५००
यस आ.व.को कर दायित्व	-	-	-	-
प्रावधान	२.४९७	२.४६	२.४६	५.०९२
स्थगन कर दायित्व	९६१.५६१	१.७९९.२६६	१,०९५.०४३	६९४.४९१
अन्य दायित्व	३,७३८.०१६	६,५३०.४६९	७,५१०.६४६	११,४९१.६००
जारी गरिएको ऋणपत्र	३,२५०.०००	६,७५०.०००	६,०००.०००	६,०००.०००
सहायक दायित्व	-	-	-	-
जम्मा दायित्व	**१७६,७५५.५६८**	**१९८,०२३.४८३**	**२११,२०१.६८३**	**३८९,९०९.४२९**
इक्वीटी				
शेयर पूँजी	१४,२४८.९५५	१६,२५७.३३०	१८,३०७.५४१	३४,१२८.५९५
शेयर प्रिमियम	३२.५९९	४.७९८	-	-
सञ्चित मुनाफा	२,८८५.९६९	२,२२६.१८७	९,७८६.६५८	६८५.२०५
कोषहरु	१०,२६४.४०७	१४,१५७.४३५	१४,४०७.९५७	२३,९४४.९८७
इक्वीटी धारकलाई बौंडफाँड योग्य कुल इक्वीटी	**२७,४३१.९३०**	**३२,६४५.७५०**	**३४,५०२.१७०**	**५८,७५८.७८७**
गैर नियन्त्रित स्वार्थ	-	-	-	-
जम्मा इक्वीटी तथा दायित्व	**२०४,१८७.४९८**	**२३०,६६९.२३३**	**२४५,७०३.८५३**	**४४८,६६८.२१६**

समष्टिकृत नाफा नोक्सान हिसाब

विवरण	वास्तविक (रु. हजारमा)			अपरिष्कृत (रु. हजारमा)
	आ.व.७७६/७७	आ.व.७७७/७८	आ.व.७७८/७९	आ.व.७७९/७८०
ब्याज आम्दानी	१५,२८४.७१६	१३,७९७.२४७	१६,७८८.०३०	३५,१६४.९४०
ब्याज खर्च	(९,४३१.९३६)	(८,११८.०९३)	(१०,८८३.३७३)	(२२,७८४.०२४)
खुद ब्याज आम्दानी	**५,८६२.७८०**	**५,६७९.१५५**	**५,९०४.६५६**	**१२,३८०.९१५**
शुल्क र कमिशन आम्दानी	१,५१६.०९२	१,५५०.९९३	१,७९६.७९५	२,२७५.१९५
शुल्क र कमिशन खर्च	(३२६.४८०)	(२७५.५२२)	(३४२.८३८)	(५१२.२४९)
खुद शुल्क र कमिशन आम्दानी	**१,२६९.६१२**	**१,२७३.४७१**	**१,४५३.९५७**	**१,७६२.८६५**
खुद ब्याज, शुल्क र कमिशन आम्दानी	**७,१३२.३९१**	**६,९५२.६२४**	**७,३५८.६१३**	**१४,१४३.७८१**
खुद व्यापारबाट आम्दानी	८७८.९२०	७८६.६९५	६५८.४८६	५१०.६३३
अन्य सञ्चालन आम्दानी	१७८.८२४	८८०.६४१	२४१.३०२	४१०.२२९
जम्मा सञ्चालन आम्दानी	**८,१९०.१३६**	**८,६१९.९६२**	**८,२४८.४०१**	**१५,०६४.६४२**
कर्जा क्षति प्रभाव/विपर्यय तथा अन्य हानि	(१,९९७.२४५)	(४४१.६७०)	१,३०६.८९४	(२,४४१.५७१)
खुद सञ्चालन आम्दानी	**६,१९२.८९०**	**८,१७८.२९२**	**९,५६५.२९५**	**१२,६२३.०७१**
कर्मचारी खर्च	(१,४९३.२४३)	(१,७६९.२३२)	(१,९४८.२१२)	(३,१४६.११८)
अन्य संचालन खर्च	(८,७७७.७८२)	(८८१.२८०)	(७४१.३१७)	(१,२२३.१७४)
ह्रासकट्टी तथा परिशोधन	(२६८.०५८)	(२६८.६५६)	(४९७.३६९)	(७३०.०३१)
जम्मा संचालन खर्च	**(२,६३९.०८४)**	**(२,९१९.१६७)**	**(३,१९६.८९८)**	**(५,०९९.३२३)**
संचालन आम्दानी	**३,५५३.८०७**	**५,२५९.१२५**	**६,३६८.६१३**	**७,५२३.७४८**
गैर संचालन आम्दानी	२५.३५८	६८.०७३	६९.७१३	२८.२८२
गैर संचालन खर्च	(६.२८८)	(६४.७२६)	(९०४.५१९)	(१,३००.८१८)
आयकर पूर्वको मुनाफा	**३,५७२.८७६**	**५,२६२.४७२**	**५,५३४.००१**	**६,२५१.२१२**
आयकर खर्च	-	-	-	-
यस वर्षको कर व्यवस्था	(१,११२.५७८)	(१,५८२.७३०)	(१,६७३.९५४)	(१,७९७.४००)
स्थगन कर	(३.०३६)	२२.४५२	४०.४२८	(१०३.४८१)
यस वर्षको आम्दानी	**२,४५७.२६२**	**३,७०२.१९५**	**३,९००.५३१**	**४,३५०.३३१**

विगत तीन बर्षको नेटवर्थ सम्बन्धी विवरण निम्नानुसार रहेको छ :

विवरण	वास्तविक			अपरिष्कृत आ.व.
	आ.व.७७६/७७	आ.व.७७७/७८	आ.व.७७८/७९	७७९/७८०
चुक्ता पूँजी (रु. हजारमा)	१४,२४८.९५५	१६,२५७.३३०	१८,३०७.५४१	३४,१२८.५९५
जगेडा तथा कोषहरु (रु. हजारमा)	१३,१८२.९७५	१६,२८८.४२०	१६,१९४.६२९	२४,६२०.१९२
जम्मा	**२७,४३१.९३०**	**३२,६४५.७५०**	**३४,५०२.१७०**	**५८,७५८.७८७**
घटाउने: अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets)	-	-	-	-
कुल नेटवर्थ	**२७,४३१.९३०**	**३२,६४५.७५०**	**३४,५०२.१७०**	**५८,७५८.७८७**
शेयर संख्या ('०००)	१४२,४९०	१६२,५७३	१८३,०७५	३४१,२८६
प्रति शेयर नेटवर्थ (रु.)	१९३	२०१	१८८	१७२
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००	१००	१००	१००
प्रति शेयर आम्दानी (रु.)	१७.२५	२२.७७	२१.३१	१२.७५
नेटवर्थमा प्रतिफल (%)	**८.९६**	**११.३४**	**११.३१**	**७.४०**

५. योजना व्यवस्थापकको संक्षिप्त परिचय :

(क) योजना व्यवस्थापकको नाम : एनआइएमबि एस क्यापिटल लिमिटेड (साविकको एनआईबिएल एस क्यापिटल लि.) ।

(ख) योजना व्यवस्थापक स्थापित भएको ऐन/नियम सम्बन्धी विवरण : योजना व्यवस्थापक कम्पनी श्री एनआइएमबि एस क्यापिटल लिमिटेड (साविकको एनआईबिएल एस क्यापिटल लि.) कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापना भई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम काम कारोबार गर्न सक्ने संस्था भएको ।

(ग) योजना व्यवस्थापकको रजिष्टर्ड ठेगाना : काठमाण्डौ महानगरपालिका, वडा नं. २, लाजिम्पाट, काठमाण्डौ ।

(घ) योजना व्यवस्थापकको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास : स्थापनाकाल देखि हालसम्म भए गरेका गतिविधिहरुको विवरण देहाय बमोजिम रहेको छ :

क्र.सं.	विवरण	मिति
१	एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको नाममा कम्पनी ऐन, २०६३ अन्तर्गत कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको	२०६७/११/२५
२	धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायी: मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त गरेको	२०६९/०३/०४
३	कम्पनी रजिष्ट्रारको कार्यालयबाट मर्चेन्ट बैंकिङ्ग सेवा संचालनको अनुमति प्राप्त गरेको	२०६९/०४/१६
४	नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्नको लागि अनुमति प्राप्त गरेको	२०७०/०५/०७
५	नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त गर पश्चात् पहिलो बन्दमुखी सामूहिक लगानी कोष योजना (एनआईबिएल समृद्धि फण्ड-१) संचालन गरेको	२०७१/०९/२३
६	तेश्रो बन्दमुखी सामूहिक लगानी कोष योजना (एनआईबिएल प्रगति फण्ड) संचालन गरेको	२०७३/०९/२७
७	साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड र साविक एस क्यापिटल लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा सहमतिपत्रमा हस्ताक्षर सम्पन्न भएको	२०७४/०७/२३
८	मर्जर पश्चात् एनआईबिएल एस क्यापिटल लिमिटेडको नामबाट एकिकृत कारोबार सञ्चालन भएको	२०७४/१०/२८
९	नेपाल धितोपत्र बोर्डबाट संस्थागत परामर्श सेवा अनुमतिपत्र प्राप्त गरेको	२०७५/०३/०३
१०	नेपालको पहिलो खुलामुखी सामूहिक लगानी कोष योजना (एनआईबिएल सहभागिता फण्ड) संचालन गरेको	२०७६/०३/२४
११	तेश्रो बन्दमुखी सामूहिक लगानी कोष योजना (एनआईबिएल समृद्धि फण्ड-२) संचालन गरेको	२०७८/०१/२४
१२	नेपाल धितोपत्र बोर्डबाट विशिष्टीकृत लगानी कोष व्यवस्थापकको स्वीकृति प्राप्त गरेको	२०७९/०५/१९
१३	चौंथो बन्दमुखी सामूहिक लगानी कोष योजना (एनआईबिएल ग्रोथ फण्ड) संचालन गरेको	२०७९/१०/०३
१४	साविक एनआईबिएल एस क्यापिटल लिमिटेड र साविक मेगा क्यापिटल मार्केट्स लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा सहमतिपत्रमा हस्ताक्षर सम्पन्न भएको	२०७९/१२/२९
१५	मर्जर पश्चात् एनआइएमबि एस क्यापिटल लिमिटेडको नामबाट एकिकृत कारोबार सञ्चालन भएको	२०८०/०३/१८

६. योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु :

प्रबन्धपत्र नियमावलीमा उल्लेख भए बमोजिम योजना व्यवस्थापकको प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

१. कम्पनीका शेयरधनीको हक हितको संरक्षण र सम्वर्द्धन गर्ने ।
२. लगानीकर्ताहरुलाई धितोपत्र व्यवसायीको रुपमा गुणस्तरीय तथा भरपर्दो सेवा उपलब्ध गराउने ।
३. लगानीकर्ताहरुको पूँजी बजार तर्फको विश्वसनीयता अभिबृद्धि गर्न आवश्यक कार्य सञ्चालन गर्ने ।
४. नयाँ तथा हाल कायम पूँजी बजारसँग सम्बन्धित सेवाको विकास/विस्तार गर्न नेपाल धितोपत्र बोर्डसँग आवश्यक समन्वय गर्ने तथा आवश्यकता अनुसार स्वीकृति प्राप्त गरी उच्चस्तरीय सेवा प्रदान गर्ने ।
५. उपलब्ध सीप, श्रम तथा पूँजी लाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा पूँजी बजारसँग सम्बद्ध सुविधाहरु उपलब्ध गराउन आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तथा प्रविधि उपलब्ध गराई देशमा पूँजी बजारको समग्र विकासका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने ।

योजना व्यवस्थापक कम्पनीको प्रबन्धपत्र तथा नियमावली संस्थाको रजिष्टर्ड ठेगाना वडा नं.२, लाजिम्पाट, काठमाण्डौमा कार्यालय समयभित्र सम्पर्क गरी प्राप्त गर्न वा हेर्न सकिनेछ ।

७. योजना व्यवस्थापकको भावी योजना तथा रणनीति

(क) व्यवसाय/सेवाको बृद्धिका लागि योजना व्यवस्थापकको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :

एनआइएमबि एस क्यापिटल लिमिटेड (साविकको एनआईबिएल एस क्यापिटल लिमिटेड) ले यस अघि एनआईबिएल म्युचुअल फण्ड अन्तर्गतको एनआईबिएल समृद्धि फण्ड-१ (बन्दमुखी योजना) मिति २०७८/०९/२२ गते परिपक्व भईसकेको र हाल संचालनमा रहेका चार वटा योजनाहरुः एनआईबिएल प्रगति फण्ड (बन्दमुखी योजना), एनआईबिएल सहभागिता फण्ड (खुलामुखी योजना), एनआईबिएल समृद्धि फण्ड-२ (बन्दमुखी योजना), एनआईबिएल ग्रोथ फण्ड (बन्दमुखी योजना) र मेगा म्युचुअल फण्ड अन्तर्गतको मेगा म्युचुअल फण्ड-१ (बन्दमुखी योजना) संचालन गरिरहेको छ, जसमध्ये बन्दमुखी योजनाको इकाईहरु नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण भई कारोबार समेत भईरहेको छ। योजना व्यवस्थापकका भावी योजना अन्तर्गत समय सापेक्ष भएर बजारको अवस्था हेरी नयाँ प्रविधिहरुको प्रयोग गर्दै देशभर आफ्नो सेवा विस्तार गर्ने योजना राखेको छ।

योजना व्यवस्थापक कम्पनीले आफ्नो रणनीतिहरुलाई अल्पकालीन, मध्यकालीन र दिर्घकालीन रणनीतिको रुपमा लागु गर्ने व्यवस्था गरेको छ ।

२ वर्ष सम्मको अवधिलाई अल्पकालीन अवधिको रुपमा इङ्गित गर्दै आ.व.२०८२/०८३ भित